मङ्गलसैन नगरपालिका, नगरकार्यपालिका २०८२ भाद्र २३ गते बसेको बैठकका निर्णयहरुः

| क्र.स. | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|
| १ | आर्थिक वर्ष २०८२।८३ को पहिलो बैठकका विभिन्न १३ वटा निर्णयहरुको कार्यन्वयन समिक्षा गरियो । |
| २ | आर्थिक वर्ष २०८१।८२ को अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनसम्म विभिन्न कर्मचारीहरुको नाममा अशुल हुने गरी कायम भएको बेरुजु रकम आगामी ६ महिनाभित्र तलबभत्ता कट्टा गरी अशुल गरिसक्ने । |
| ३ | नगरपालिकाको न्यून आन्तरिक स्रोत र तथा स्वीकृत दरवन्दीको अभावका कारण कार्यरत सहायक कर्मचारीहरु, नगरपालिकामा सबै सेवा समुह अन्तर्गत दरवन्दी बाहेक नियुक्ति भई कार्यरत रहेका कर्मचारीहरु र नगर अनुदानमा कार्यरत शिक्षकको करार म्याद थप नगर्ने । |
| ४ | नगरकार्यपालिका अन्तर्गतका कार्यालयको स्वीकृत दरवन्दीमा कार्यरत करार कर्मचारी र सशर्त कार्यक्रम अन्तर्गत कार्यरत करार कर्मचारीहरुलाई कार्यक्रम कार्यन्वयन निर्देशिका हुने गरी करार सेवा म्याद थप गरी सम्वत् २०८२ सावन १ गते देखि लागु हुने गरी मासिक पाँच हजार महङ्गी भत्ता समेत दिने । |
| ५ | नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा विविध सेवा अन्तर्गत कम्प्यूटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगि, स्वीपर, भान्छे पदमा कार्यरत करार/ज्यालदारी कर्मचारीहरुलाई मिति २०८२ श्रावण १ गते देखि लागू हुने गरी करार म्याद थप गरि मासिक तलव भत्ता वृदि गर्ने । |
| ६ | नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा विभिन्न सेवा समूहमा कार्यरत करार/ज्यालादारी कर्मचारीहरुको करार म्याद थप गरी श्रम तथा रोजगार मन्त्रालयको २०८२।०३।३२ (मा. मन्त्रीस्तर) को निर्णयसमेतको आधारमा मिति २०८२ श्रावण १ गते देखि लागू हुने गरि न्यूनतम मासिक तलव भत्ता निर्धारण गर्ने । |
| ७ | "स्थानीय सरकार संचालन र व्यवस्थापनको प्रभावकारीता सम्बन्धि प्रशिक्षण कार्यक्रम" मिति २०८२ भाद्र ६ र ७ गते सिद्दार्थ होटेल, विरेन्द्रनगर, सुर्खेत कर्णालि प्रदेशमा भएको खर्च रकम रु ७५५,११०अनुमोदन गरियो । |
| ८ | शिक्षा समिति पुनर्गठन नगर शिक्षा ऐन, २०७९ दफा ६ बमोजिम नगर शिक्षा समिति गठन पुनर्गठन गरियो । |

मङ्गलसैन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

| | |
|---|---|
| ९ | मङ्गलसैन नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९ को मस्यौदालाई थप छलफलको लागि सामाजिक विकास समितिमा पठाउने । |

मङ्गलसैन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसैन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल